नेपाल सरकार
# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
(वातावरण व्यवस्थापन शाखा)

फोन नं. ४२००३०६
फ्याक्स नं. ०१-४२००२८३
web page: www.mofald.gov.np
सिंहदरबार, काठमाण्डौ ।

पत्र संख्या वा.व्य.शा.२०७३/७४
च.न: ३१

मिति: २०७३/५/८

**विषयः** अधिकार प्रत्यायोजन सम्बन्धमा ।

श्री जिल्ला विकास समितिको कार्यालय,
सबै (७५)

वातावरण संरक्षण ऐन, २०५३ र नियमावली २०५४ अनुसार नदीजन्य पदार्थ संकलन/उत्खनन् सम्बन्धी प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृत गर्ने यस मन्त्रालयमा रहेको अधिकार वातावरण संरक्षण नियमावली, २०५४ को नियम ५२(२) बमोजिम जिल्ला विकास समिति (बोर्ड) लाई अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा तपशिल बमोजिम गर्ने नेपाल सरकार (मा.मन्त्रिस्तर) मिति २०७३/५/७ मा निर्णय भएकाले सोहि बमोजिम गर्न गराउनु हुन निर्णयानुसार अनुरोध छ ।

तपसिल:

१. जिल्ला विकास समितिको कार्यालयबाट वातावरण संरक्षण ऐन, २०५३ र नियमावली २०५४ अनुसार नदीजन्य पदार्थ संकलन/उत्खनन् गर्न तयार गर्नुपर्ने प्रारम्भिक वातावरणीय परिक्षणको कार्यसूची तथा प्रतिवेदन स्वीकृत गर्ने अधिकार जिल्ला विकास समिति (बोर्ड) लाई २०७४ असार मसान्तसम्मको लागि प्रत्यायोजन गर्ने,
२. प्रत्यायोजित अधिकार बमोजिम स्वीकृत भएका प्रारम्भिक वातावरणीय परिक्षणको प्रतिवेदन कार्यन्वयन अवस्थाको अनुगमन मन्त्रालयको वातावरण व्यवस्थापन शाखाले गर्न सक्ने ,
३. बुंदा नं. १ अनुसार प्रत्यायोजित अधिकार बमोजिम प्रारम्भिक वातावरणीय परिक्षणको कार्यसूची तथा उक्त कार्यसूची अनुसार तयार गरिएको प्रतिवदन जिल्ला विकास समिति (बोर्ड)ले वातावरण संरक्षण ऐन, २०५३ र नियमावली २०५४ को अधिनमा रही स्वीकृत गर्दा निम्न शर्तहरु समेतको पालना गर्ने।

शर्तहरु:

१) प्रारम्भिक वातावरणीय परिक्षणको कार्यसूची तथा प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनको प्रस्तावक जिल्ला विकास समितिको कार्यालय हुने ,
२) जिविसको वोर्ड बैठकले प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृत गर्नु अघि जिल्लास्तरीय प्रारम्भिक वातावरणीय परिक्षण पुनरावलोकन तथा सिफारिस समिति देहाय बमोजिम गठन गरी सो समितिमा मस्यौदा प्रतिवेदन उपर छलफल गराई सो समितिको सिफारिसको आधारमा प्रतिवेदन स्वीकृत गर्नुपर्ने :

| | |
|---|---|
| क) जिल्ला प्राविधिक कार्यालयका प्रमुख | संयोजक |
| ख) जिल्ला विकास समितिले तोकेको जिल्ला वन कार्यालय वा जिल्ला भूसंरक्षण कार्यालय वा जिल्लास्थित सरकारी कार्यालयको वातावरणसँग सम्बन्धित अधिकृतस्तरको कर्मचारी प्रतिनिधि १जना | सदस्य |
| ग) जिल्ला प्रशासन कार्यालय अधिकृत प्रतिनिधि | सदस्य |
| घ) योजना, अनुगमन तथा प्रशासकीय अधिकृत | सदस्य |
| ङ) जिल्ला विकास समितिले तोकेको भूगर्भविद् विज्ञ प्रतिनिधि १ जना | सदस्य |
| च) जिविसको राजश्व शाखासंग सम्बन्धित शाखा प्रमुख | सदस्य |
| छ) जिविसको वातावरण,उर्जा तथा जलवायु परिवर्तत शाखा प्रमुख | सदस्य सचिव |

नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
(वातावरण व्यवस्थापन शाखा)

फोन नं. ४२००३०६
फ्याक्स नं. ०१-४२००२८३
web page: www.mofald.gov.np
सिहदरबार, काठमाण्डौ ।

पत्र संख्या वा.व्य.शा.२०७३/७४
च.न:

३) जिल्लास्तरीय प्रारम्भिक वातावरणीय परिक्षण पुनरावलोकन तथा सिफारिस समितिले प्रचलित कानून बमोजिम खुलाउनुपर्ने कुराको अलावा प्रतिवेदनमा देहायको विषयहरु समावेश भए नभएको एकिन गरी नभएको भए समावेश गर्न लगाएर मात्र सिफारिस गर्नुपर्नेछ ।

क) संकलन/उत्खनन् वा दोहन गर्ने कच्चा पदार्थको स्थान, क्षेत्रफल, परिमाण, समायावधि र स्रोतको विवरण र त्यस्तो क्षेत्रको रेखांकन सहितको नक्सा,

ख) कच्चा पदार्थ संकलन गर्दा प्रयोग गर्ने विधि र सो विधिमा प्रयोग हुने मेशिन औजार उपकरण तथा यन्त्र,

ग) प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयार गर्दा परामर्श दाताको विज्ञ समूहमा कम्तिमा देहायको व्यक्ति समावेश भएको हुनुपर्नेछ,

१. जियोलोजिष्ट एकजना
२. वातावरणविज्ञ एकजना
३. आवश्यक्तानुसार सम्बन्धित विज्ञ (सामाजिक, आर्थिक आदि)

घ) प्रतिवेदनमा प्रस्तुत नकारात्मक असर न्यूनिकरणका लागि अपनाइएका उपायहरुको विश्लेषण गरी कार्यान्वयनका लागि आवश्यक बजेट समेत विनियोजन गर्ने,

४) समितिको बैठकमा सम्बन्धित गाउँ विकास समितिका सचिव वा नगरपालिकाका कार्यकारी अधिकृतलाई समेत आमन्त्रण गर्ने,

५) प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृत गर्दा यस सम्बन्धि विषयमा सम्मानित सर्वोच्च अदालतबाट २०६७ सालमा तथा तत्पश्चात् भएका निर्णयहरु, नेपाल सरकार, मन्त्रिपरिषदको निर्णय, जनसंख्या तथा वातावरण मन्त्रालयको निर्णय र यस मन्त्रालयबाट समयसमयमा जारी भएका निर्देशनहरुको पालना हुने गरी गर्ने ,

६) प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको जिल्ला अनुगमन तथा समन्वय समिति मार्फत् गरिने जिल्लास्तरीय अनुगमन कार्ययोजना समेत प्रतिवेदनको अंगको रुपमा समावेश गर्ने । प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन अनुसार कार्य भए नभएको सम्बन्धमा जिल्लास्तरीय अनुगमन तथा समन्वय समितिले अनुगमन गरी मन्त्रालयलाई समेत प्रतिवेदन पठाउने ,

७) स्वीकृत प्रतिवेदनको प्रमाणित कपि स्वीकृत भएको १५ दिनभित्र मन्त्रालयको वातावरण व्यवस्थापन शाखामा पठाउनुपर्ने र विद्युतीय कपि आफनो वेवसाइटमा समेत अनिवार्यरुपमा राख्नु पर्ने ,

८) प्रत्यायोजित अधिकारको कार्यान्वयन सम्बन्धमा कुनै वाधा अड्चन आएमा परेको बाधा र सोको समाधानका लागि सम्भाव्य उपायसहित मन्त्रालयमा निकासका लागि लेखि पठाउने ।

(रमिला भण्डारी)
शाखा अधिकृत

**बोधार्थ:**
श्री सूचना तथा विद्युतीय शासन शाखा : वेबसाइट मा Upload गर्नुहुन ।
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरवार, काठमाडौं ।